Volume 01, Issue 01, 2023. PP. 89-95
https://doi.org/10.62078/grks.2023.v01i01.011
Review Article

GS WOW
Wisdom of Worthy Research Journal

# शर्माको विकीर्ण चिन्तनका टुक्राटाक्री नियाल्दा

**जीवनकुमार काफ्ले**
सहायक प्राध्यापक, गौरीशंकर क्याम्पस, निजगढ, बारा, नेपाल

**ARTICLE INFO**

***Corresponding Author***
Jibankumar Kafle

***Email***
*jkafle2016@gmailcom*

***Article History***
*Received: 04 October 2023*
*Accepted: 12 November2023*

***Orcid***
*https://orcid.org/0009-0002-6816-3482*

***Cite***
Kafle, J . (2023) . शर्माको विकीर्ण चिन्तनका टुक्राटाक्री नियाल्दा *GS WoW: Wisdom of Worthy Research Journal* . 1(1), 89-95 .
https://doi.org/10.5281/zenodo.10441263

**लेखसार (ABSTRACT)**

शर्माको विकीर्ण चिन्तनका टुक्राटाक्री शीर्षकको यस अनुसन्धानात्मक लेखमा शिक्षण पेसामा चार दशकभन्दा लामो समयावधि व्यतीत गरेका फाल्गुणी शर्मा तिमल्सिना जीवनमा आफूले देखेका र भोगेका घट्ना र विषयलाई आफ्नो विकिरण चिन्तनका टुक्राटुक्री कृतिमार्फत सार्वजनिक गर्न पुग्छन् । उनको यस कृतिमा स–साना २६ ओटा निबन्धात्मक लेखहरू सङ्कलन गरिएको छ। ओझेलमा परेका साहित्यकार र लेखकलाई खासै महत्त्व नदिने नेपालका प्राज्ञिक क्षेत्र, प्रकाशन गृह र आमसञ्चारका माध्यममा चर्चामा नआएका शर्मा र उनको यो कृति अरूका लागि सामान्य भए पनि यस कृतिमा सङ्ग्रहित लेखहरूले एउटा शिक्षकको चस्माबाट देखिनसक्ने दृष्य समेट्ने प्रयास गरेको छ। मोफसलमा रहेर नेपाली भाषा, संस्कृतिका विविध परिधिलाई पर्गेल्न शर्माको यस कृति पूर्ण रुपमा सफल नभए पनि सहयोगी भने रहेको छ। कृतिको परिचयमा नै शर्माले यसभित्रका लेखहरूलाई क्वाँटीको रूपमा परिचित गराएका छन् । उनको यस क्वाँटी मिश्रणमा तितो, मीठो, अमिलो आदि स्वाद लेखनमा पनि झल्किएको छ । यो अनुसन्धानात्मक लेख मुख्य रूपमा शर्माको कृतिका २६ ओटा लेख रचनामा आधारित भएर तिनै लेखहरूको अति सङ्क्षिप्त विवरणात्मक विश्लेषण गरी तयार पारिएको छ । यो लेख तयार पार्न पुस्तकालयीय अध्ययनमार्फत द्वितीयक स्रोत र स्वयम् कृतिकारसँगको सम्पर्कबाट प्राथमिक स्रोत सामग्री सङ्कलन गरी यो अनुसन्धानात्मक लेख तयार पारिएको छ।

**शब्दकुञ्जी:** मोफसल, क्वाँटी, शर्मा, रचना, संस्कृति

## विषय परिचय

विकीर्ण चिन्तनका टुक्राटाक्री गद्यविधा अन्तर्गतको निबन्धात्मक रचना हो । प्रकाशक अश्विनी शर्मा तिमल्सिनाबाट वि.सं. २०७८ सालमा प्रकाशन गरिएको यस कृतिमा सङ्ग्रहीत रचना लेखकले आफ्नो जीवन भोगाइका क्रममा सङ्गालेका अनुभव र अनुभूतिलाई पाठकसामु प्रस्तुत गर्ने प्रयत्न गरेका छन्। नेपाली समीक्षा क्षेत्रमा खासै चर्चामा नरहेका शर्मा आफ्ना चिन्तन कोभिड महामारीमा लकडाउन हुँदाको खाली समयको सदुपयोग गर्दै यस कृति तयार पारिएको हो भन्ने स्वयम् शर्माको स्वीकारोक्तिले उनी आफ्ना छरिएका रचनाहरूलाई एकत्रित पारी एउटा पुस्तककार कृतिको स्वरूप दिन पुग्छन् । लामो समय नेपाली भाषा र साहित्यको अधययन र अध्यापनमा संलग्न रहेका शर्माले आफूले जीवनमा देखेका र भोगेका घट्ना, आफू बाँचेको परिवेश र ती परिवेश अन्तर्गतका पात्र र तिनले पारेको प्रभावको अनुभूतिजन्य सङ्गालो रूप पनि हो उनको यो कृति रहेको छ । हुन त कसैको व्यक्तिगत अनुभूति सार्वजनिक नहुञ्जेल त्यो उस्को नितान्त निजी मामलाको रूपमा रहन्छ, जब उसको विचार सार्वजनिक रूपमा प्रकाशित हुनपुग्छ तब त्यो भित्रको अन्तर्य खोजबिन गरी पाठकलाई लागेको र बुझेको कुरा लेख्नु दायित्व पनि हो। त्यसैले ययो अनुसन्धानात्मक लेख तयार पार्न शर्माका यस कृतिका सम्पूर्ण लेखलाई सङ्क्षिप्त रूपमा नियाल्ने प्रयास गरेको छु।

## समस्याकथन र उद्देश्य

प्रस्तुत अनुसन्धानात्मक लेख शर्माको विकीर्ण चिन्तनका टुक्राटाक्री भित्र के–कस्ता लेखहरू रहेका छन्


*Copyright (c) 2023: Author(s). Published by Gaurishankar Campus*

भन्ने मूल समस्यामा केन्द्रित रहेको छ। यस समस्यासँग सम्बन्धित शोध समस्या यसप्रकार रहेका छन् :

(क) विकीर्ण चिन्तनका टुक्राटाक्री भित्रका लेखको विवरण के–कस्तो छ?

(ख) कृतिभित्रका लेखले के–कस्ता विषयवस्तु समेटेका छन्?

उपर्युक्त प्रश्नहरूको समाधान खोज्नु नै यस लेखको उद्देश्य हो। यसै उद्देश्य प्राप्त गर्न यस अनुसन्धानात्मक लेख तयार पारिएको छ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनका लागि पुस्तकालयीय अध्ययनलाई सामग्री सङ्कलनको मूल आाधार बनाइएको छ। पुस्तकालय र कृतिकारको सम्पर्कबाट द्वितीयक र प्राथमिक सामग्रीहरूको सङ्कलन गरिएको छ। यसरी सङ्कलित सामग्रीहरूलाई विवरणात्मक एवम् विश्लेषणत्मक पद्धतिद्वारा अध्ययन गरी यो अनुसन्धानात्मक लेख पूरा गरिएको छ।

## साहित्यको विमर्श र विश्लेषण

### कृतिकारको परिचय

विकीर्ण चिन्तनका टुक्राटाक्री कृतिका लेखक फाल्गुणी शर्मा तिमल्सिना हुन्। उनको जन्म वि.सं २००३ भाद्र २९ गते सिन्धुली जिल्लाको सुनकोसी गाउँपालिकाको खाल्टे चैनपुरको धारापानी गाउँमा भएको (गुरुत्व–गौरव पृष्ठ ९३) हो । उनी पिता उदयनारायण शर्मा उपाध्याय तिमल्सिना र माता हरिमाया शर्मा तिमल्सिनाका साहिँला छोरा (ऐजन) हुन् । हाल उनी कमलामाई नगरपालिका –५, गैयाँटार, सिन्धुलीमा स्थायी रूपमा बसोबास गर्दै आएका छन् । त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तरको अध्ययन पूरा गरेका शर्माले आफ्नो शिक्षण पेसाको सुरूवात तत्कालीन निम्न माध्यमिक विद्यालय खुर्कोट सिन्धुलीबाट वि.सं २०३१ सालबाट गरेका (ऐ.पृ.१२) हुन्। वि.सं. २०४१ सालबाट सिन्धुली बहुमुखी क्याम्पसबाट विश्वविद्यालयस्तरको अध्यापन सुरू गरेका (ऐ.पृ.२३) उनले कमला माध्यमिक विद्यालयबाट माध्यमिक द्वितीय तहबाट वि.सं २०५६ सालबाट स्वेच्छिक अवकाश लिन पुग्छन् (ऐ.पृ.२२) । अवकाश पश्चात् उनी सिन्धुली बहुमुखी क्याम्पसमा उप प्राध्यापकको रूपमा पूर्णकालीन अध्यापकमा संलग्न हुन्छन् र वि.सं २०६१ देखि २०६४ सल सम्म क्याम्पस प्रमुखको भूमिकामा (ऐ.पृ.२५) रहेर आफ्नो जिम्मेवारी पूरा गरेका शर्माले विद्यालय तहदेखि विश्वविद्यालय तहसम्मको शिक्षण कार्यमा संलग्न रहेर आफ्नो भूमिका निर्वाह गरेका छन्। विभिन्न संघसंस्थामा संलग्न रहेका उनी बामपन्थी विचारधारासँग निकटता राख्छन् । शर्माले शिक्षाको क्षेत्रमा सिन्धुली जिल्लामा पुर्याएको योगदानको कारण स्थानीयस्तरका अन्य राजनीतिक दलका व्यक्तिले पनि सहज रूपमा लिने व्यक्तित्वको रूपमा उनी परिचित छन्।

### कृतिभित्रको लेखको विवरण

फाल्गुणी शर्माद्वारा लिखित विकीर्ण चिन्तनका टुक्राटाक्री कृतिमा स–साना २६ ओटा लेखहरू सङ्ग्रहित रहेका छन्। यस कृति शर्माको निजी र सार्वजनिक जीवन भोगाइको सँगालोको रूपमा आएको छ। लामो समय शिक्षण पेसामा संलग्न शर्मा विश्वविद्यालयको कोर्समा समेट्न नसकिएको समाजको विषयलाई उनले यस कृतिमा उठाउने प्रयास गरेका छन्। यस कृतिमा समेटिएका लेखरचनाहरू यसप्रकार रहेका छन् : कर्म, रक्सीको रमिता, अनुभवका केही परिदृश्य, कविको प्रशंसा –मोह, केही लोकभाका, साँचो बोलौँ मीठो बोलौँ, भोग्दै आएको शैक्षिक अवस्था, शिक्षक हुनुको गौरव, चेला त धामी...?, सिनियारिटीको रोग, कविप्रति छोटो समीक्षा, छोटो सम्झना, बिर्सिनसक्नुको भोगाइ, परिवर्तित अनुशासन, ज्येष्ठ नागरिक र आज, नेतृत्व, हाम्रो कुप्रथा, मान्छेको प्रवृत्ति, हाम्रो आदर परम्परा, उत्तरआधुनिकवाद र हामी, पुरानो वैवाहिक चलन, आजको माहोल, बलात्कारीलाई मृत्युदण्ड?, थैलीको मुख दरो कस्नू, विमला नानी र तामाङ चेली गरी २६ ओटा लेख समेटिएको छ।

### निबन्धको सापेक्षतामा हेर्दा

शर्माको कृतिमा समेटिएका लेखहरूलाई नियाल्दा फरक–फरक विषयको उठान भएको छ। हुन त लेखक स्वयंले यसलाई निबन्ध नभनेर क्वाँटी रचना भनी परिचित गराए पनि नेपाली गद्यसाहित्य अधययन गर्दा यो कृति निबन्ध विधासँग मिल्न पुग्छ। यसमा उनको भाषिक सीपले गर्दा गहन विषयवस्तुलाई सरल र रोचक पाराले पस्कने जुन कुशलता र सामर्थ्य शर्माले देखाएका छन् त्यस हिसाबले कृतिका लेखहरूलाई निबन्धात्मक रचना मान्नु पर्ने हुन्छ। नेपाली निबन्ध जगतका हास्यव्यङ्ग्य निबन्धकार भैरव अर्यालले यसै कुरालाई पुष्टि हुने तर्क दिएका छन्, 'कुनै विषयमा आफूले जानेको सोचेको र लागेको कुरा रसिलो पाराले प्रकट गर्ने छरितो गद्य नै निबन्ध हो' (नेपाली निबन्ध पृष्ठ ५) यस भनाइ र पाश्चात्य जगतका

वस्तुपरक निबन्धका जनक वेकेनको 'विकीर्ण चिन्तन नै निबन्ध हो ।' (ऐ.पृ ४) भन्ने धारणाले पनि शर्माको यस कृतिलाई निबन्ध मान्नु पर्ने हुन्छ। यो कृति शर्माको प्रथम प्रकाशित कृति भएकाले यसमा उनको आत्मसंस्मरणको प्रभाव पनि परेको छ। निबन्धमा लेखक स्वयम् पोखिनु निबन्धको विशेषता पनि हो । यसै विषयमा आत्मपरक निबन्धका प्रारम्भकर्ता मोन्तेन 'निबन्ध आत्मप्रकाशनको प्रयत्न हो' (ऐ.पृ ४) भनी निबन्धमा लेखकीय 'स्व' को वकालत गर्छन्। यस हिसाबले शर्माको विकीर्ण चिन्तनका टुक्राटाक्रीलाई निबन्धात्मक रचना मान्नु पर्ने हुन्छ।

## लेखहरूलाई नियाल्दा

शर्माको विकीर्ण चिन्तनका टुक्राटाक्रीलाई अध्ययन गर्दा उनले यस कृतिमा नेपाली समाजको चित्र उतारेका छन् । हुन त एउटै कृतिबाट सम्पूर्णता हासिल गर्न सकिँदैन तर लेखकीय दृष्टि र चिन्तन ठाउँ अनुसार फरक हुन्छ। मोफसलमा बसेर परम्परागत लेखनीमार्फत समाजका विविध परिधिलाई दर्शकको रूपमा हेरेर आफू स्वयम् भोक्ता पात्रको रूपमा अनुभव गरेर जीवनको उत्तरार्ध अवस्थामा आफ्ना चिन्तन सार्वजनिक गर्नु समाज द्रष्टा हुनुको परिचायक पनि हो। सहरी सुविधा भोगेर इन्टरनेटको माध्यमबाट सामग्री सङ्कलन गरी आफूलाई उच्चकोटीको लेखकको रूपमा परिचित गराउनेहरूको भीडमा शर्मा नदेखिन सक्छन् । नेपाली साहित्यका अध्यमपक र अध्यताको रूपमा मात्र रहेका शर्मा यो कृति प्रकाशित गराई रचनाकारको भूमिकामा स्थापित हुने प्रयासमा छन्। कृतिको बारेमा कुनै भूमिका नलेखाएका शर्मा स्वयं कृतिलाई परिचित गराउँदा केही भन्नु पर्ने कुराबाट सुरू गर्छन् र यसभित्रको विभिन्न विषयका रचनालाई क्वाँटी भनी नामाकरण गर्न पुग्छन्। उनको क्याँटीलाई सङ्क्षिप्तमा क्रमैसँग नियाल्ने कोसिस नै यस अनुसन्धानात्मक लेखको उद्देश्य पनि हो।

## लेखहरूको सङ्क्षिप्त चर्चा

### कर्म

शर्माको कृतिको पहिलो लेख कर्म रहेको छ। यस लेखमा उनी कर्म र भाग्यको तुलना गर्न पुग्छन्। कर्मलाई भन्दा भाग्यमा विश्वास गर्ने हाम्रो समाजमा भाग्य मजबुत बनाउन पूर्व र पश्चिमतिर विभिन्न धार्मिक ग्रन्थ रचना भए भन्दै भाग्य सपार्ने नाममा पुरोहित, पण्डित र पादरीहरूको समाजमा जरो गड्यो। यही जरो नै शोषक र शोषित वर्गमा समाज विभाजन गर्ने कारक बन्यो। शर्मा भाग्यमा छ भन्दैमा डोकामा दुध दोहेर अडिदैँन असल कर्म निरन्तर गरे भाग्य आफैँ चम्किने छ भन्ने विचार यस लेखमा राख्छन्।

### रक्सीको रमिता

यस लेखमा शर्मा समाजमा दूर्वेशनमा फँसेका मान्छे र तिनले गर्ने व्यवहारको चित्रण गर्न पुग्छन्। रक्सीको लतमा फँसेका आफ्ना साथीभाइ छिमेकी र यसैको कारण आफ्नो सम्पूर्ण सम्पत्ति गुमाएर जीवन नै समाप्त पारेका मान्छेको कारण समाजमा अराजकता बढ्दै गएको कुरा यस लेखमा राख्न पुग्छन्। शर्मा वर्तमान समयमा रक्सी सेवन गर्ने कुरामा महिलाको सङ्ख्या बढ्दै गएको, लैङ्गिक समानताको प्रयोग रक्सीमा पनि भएकोमा व्यङ्ग्य गर्छन्। उनी रक्सीले समाजका हरेक वर्गमा रमिताको स्थिति पैदा गराएकोप्रति चिन्ता पनि प्रकट गर्छन्।

### अनुभवका केही परिदृश्य

यस लेखमा शर्मा वर्तमान समयको परीक्षामुखी शिक्षाप्रणालीले विद्यार्थीहरूलाई प्रमाणपत्र मात्र दिन्छ अनुभव दिँदैन भन्छन् । उनी नेपालको वर्तमान शैक्षिक अवस्थाले विद्यार्थीको भविष्य अन्यौलमा पारेको कुरा पनि अभिव्यक्त गर्छन्। अनुशासनको पालना शिक्षक, विद्यार्थी, अभिभावक र राजनैतिक नेततृत्वले नगरेकोप्रति चिन्ता प्रकट गर्छन्। अलिअलि जानेको भरमा अवसर पाए प्रवचन दिँदै हिड्ने र विषयको ज्ञाताको रूपमा आफूलाई उपस्थित गराउने पात्रको भीड समाजमा बढ्न थालेको विषय यस लेखमा उठाइएको छ।

### कविको प्रशंसा-मोह

यस लेखमा केही कविहरूलाई प्रशंसाको चाहना हुने विषयको उठान भएको छ। नेपाली साहित्य र समाजलाई अध्ययन गर्दा विभिन्न समयमा भाषा र साहित्यमा प्रयोगहरू भए । पूर्वीय महाकाव्य मान्यता विपरीत देवकोटाले महाकाव्य लेखे । त्यस्तै नवीन प्रयोगको ढोका खोल्दै मोहन कोइराला, जगदीश शमशेरले लामो कविता सिर्जना गरे । त्यस्तै आयामेली आन्दोलनले साहित्य विश्लेषणमा एउटा नवीनता ल्यायो । यी र यस्ता भाषा र साहित्यलाई नव उचाइ दिने कविहरूले कहिल्यै प्रशंसा बटुलेनन् तर केही वर्तमानका कविहरूमा प्रशंसाको भोक कहिल्यै नअघाउने गरी लागेकोप्रति दुःखेसो प्रकट गर्छन्।

### केही लोकभाका

यस लेखमा शर्मा नेपाली लोकभाका र लोक बाजाहरूको चर्चा गर्छन्। नेपाली कविताको पृष्ठभूमि कालमा पनि लोकलयका कविताले प्रश्रय पाएको चर्चा गर्दै नेपालका विभिन्न जात, धर्म, संस्कृति र क्षेत्रमा वसको विशिष्ट उपस्थितिको टिप्पणी गर्छन् । नेपाली लोकभाका पश्चिमबाट क्रमशः पूर्वतर्फ सर्दै गएको र यो अझ समृद्ध र परिष्कार हुँदै नेपाली जनजीवनको मेला, पर्व, विवाह, कृषि आदि हरेक क्षणमा दुःख र सुखको भाव ओराल्ने माध्यमको रूपमा रहेको कुरालाई प्रष्ट्याउन शर्माले रत्तेउली, असारे गीत, भदौरे गीत, मंसिरे गीत, गाइनेको कर्खा, मारुनी, ख्याली, बाह्रमासा गीत, तीजको गीत, सङ्गीनी गीत, सोरठी गीत, घाटु नाच, धान नाच, चण्डी नाच, चाँचरी, बालुन भजन, खाँडो, देउसी, भैलो, मालश्री जस्ता लोकभाका नेपाली संस्कृतिका विशेषताका रूपमा रहेको चर्चा गर्छन्। उनी समृद्ध लोक संस्कृतिको प्रभाव नेपाली परिवेश अनुसार फरक–फरक भए पनि नेपालीहरू आ–आफ्नै लोकभाकालाई आफ्नो जीवनपद्धति बनाइ सांस्कृतिक विविधताभित्र एकतामा उनिएको कुरा प्रष्ट्याउन पुग्छन्।

### साँचो बोलौं मीठो बोलौं

यस लेखमा नेपाली समाजमा साँचो बोल्ने मान्छे पछाडि परेको र झुट र ढाँट कुरा गर्ने मान्छेको बोलबाला भएको कुरा व्यक्त गर्छन् । उनले ढाँट र छल्ने प्रवृत्तिले समाजका हरेक पक्षलाई पछाडि पारेको कुराको चर्चा गर्दै जति ठूलो पद र प्रतिष्ठा प्राप्त गर्यो त्यो त्यति नै ठूलो ढँटुवा भएको विचार राख्छन् । समाजमा ढँटुवाहरूले राजनीति, शिक्षा, धर्म, स्वास्थ, आर्थिक, न्यायिक, प्रशासन आदि हरेक क्षेत्रमा आफ्नो दह्रो उपस्थिति बनाएकोप्रति लेखक चिन्ता प्रकट गर्छन् । झुटो कुरा गरेर आफ्नो स्वार्थसिद्धि गर्नेहरूले नेपाली समाजलाई विसङ्गतिपूर्ण बनाउँदै लगेको र यसलाई सच्च्याउन गाह्रो भएको भनाइ उनको यस रचनामा पाउन सकिन्छ।

### भोग्दै आएको शैक्षिक अवस्था

यस लेखमा शिक्षा क्षेत्रमा नाफामुखी प्रवृत्ति हाबी भएको र शिक्षक गैरजिम्मेबार र पेसाप्रति इमानदार नहुँदा शैक्षणिक गतिविधि ओरालो लागेको विषय उठाइएको छ । वर्तमान शिक्षा प्रमाणपत्र प्राप्त गर्न मात्र सीमित देखिएकाले किताबी ज्ञानलाई व्यवहारमा उतार्न न शिक्षकले विद्यार्थीलाई उत्प्रेरित गर्न सकेका छन् न विद्यार्थी नै अग्रसर भएर लागेका छन् भन्दै जीवनोपयोगी र व्यवहारिक ज्ञानमा आधारित भएर किताबी ज्ञानको कुरालाई समायोजन गर्न नसक्दा पास र फेलमा मात्र अध्ययन/अध्यापन सीमित भएको विषय यस लेखमा उठाइएको छ।

### शिक्षक हुनुको गौरव

यस लेखमा शिक्षामा आएको परिवर्तनले छाडापनलाई बढावा दिएको विषय वर्णित छ। आजको समयमा शिक्षक विषयको गहिराइमा नपुगी कक्षाकोठामा प्रवेश गर्नाले शिक्षण प्रभावकारी हुन सकेको छैन । फरक–फरक पृष्ठभूमिबाट आएका विद्यार्थीहरूमा आमसञ्चारका विधुतीय सामग्रीको दुरुपयोगले छाडापन बढ्दै गएको र यसैको प्रतिफलस्वरूप पाश्चात्य संस्कृतिको विकृत अनुकरण फैलदै गएको विषय उठाइएको छ । शिक्षामा पाश्चात्य नीतिनियम अनुसरण गर्नाले हाम्रो परम्परागत मूल्यमान्यता धरासायी हुँदै गएको र यसले विद्यार्थीहरूमा छाडापन ल्याई शिक्षक विद्यार्थी सम्बन्ध पनि शत्रुतामा परिणत हुँदै गएको कुरा व्यक्त भएको छ। आफ्नो परम्परा रीतिरिवाज र संस्कृतिलाई केन्द्रमा राखी शिक्षण गर्न सक्ने शिक्षकमा नै गौरव गर्नु पर्ने धारणा यस रचनामा आएको देखिन्छ।

### चेला त धामी?

यस लेखमा शर्मा समाजमा अन्धविश्वासको रूपमा रहेको धामी, झाँक्री र बोक्सी प्रथाको विषय उठान गर्न पुग्छन् । नेपालको ग्रामीण क्षेत्रमा धामी र झाँक्रीप्रतिको विश्वासले एकल, गरिब र असहाय महिलामाथि बोक्सीको आरोपमा हुने विभेदको परिणाम पनि हामीले गरेको अन्धविश्वासलाई मुख्य कारणको रूपमा लिन्छन्। अन्धपरम्पराले मानसिक धरातलमानै भूत, प्रेत, मसान आदि अमुक चिजको डर र त्रास भरिदिएको छ । मानसिक रूपमा हामीलाई कमजोर बनाइ धामी र झाँक्रीको सरणमा पुर्याई रोग मन्साउन बाध्य पारिने अन्ध परम्पराको शर्मा यस लेखमार्फत विरोध गर्न पुग्छन्।

### सिनियारिटीको रोग

यस रचनामा शर्मा समाजमा शैक्षिक प्रमाणपत्र प्राप्त र सरकारी ओहोदाको मर्यादाक्रमको बारेमा चर्चा गर्दै अलि–अलि जानेको र सुनेको भरमा आफूलाई बुद्धिजीवि सम्झने र सम्मानको अपेक्षा राख्ने व्यक्तिप्रति व्यङ्ग्य गर्छन्। लेखक वास्तविक बुद्धिजीवि हुन अध्ययनशील हुनु आवश्यक छ, प्रमाणपत्र त देखाउने दाँतमात्र हो भन्छन्। उनी हाम्रो देशमा

बुद्धिजीविले दिएको सुझाव ग्रहण गर्ने धैर्यता राजनीतिक नेतृत्वले गुमाएको र उनीहरूमा मपाईंत्व हाबी भएकोप्रति गुनासो व्यक्त गर्छन् । ज्ञान, अनुभव र धैर्यता विनाको सिनियारिटीको कुनै महत्त्व नरहने भाव यस लेखमा रहेको छ।

### कविप्रति छोटो समीक्षा

यस रचनामा वास्तविक कविप्रति सम्मानको भाव राख्दै लहडमा कवि बन्नेहरूप्रति शर्मा व्यङ्ग्य गर्छन्। उनी राम्रा कविता लेख्ने कविहरू सीमित छन् तर कविता लेखनको बाढी नै आएको विषय उठाइ कविता भित्रको भावतत्वको वेवास्ता गरी कविता लेख्नेहरूप्रति लक्षित गर्दै वालकृष्ण सम जस्ता कविले पनि आफूले कवितामा केही गर्न नसक्ने भन्ने टिप्पणीको प्रसङ्ग उठाउन पुग्छन्। उनी भावगत् सौन्दर्य र अर्थगत् चमत्कार भएका कविताको आस्वादनमा रूचि भएको कुरा व्यक्त गर्छन्।

### छोटो सम्झना

यस रचनामा लेखक आफ्नै शैक्षिक जीवनको परिधिलाई उल्लेख गर्छन् । यसमा उनी आफूसँग पढेका साथीहरूको प्रसङ्ग कोट्याउँदै तत्कालीन पञ्चायती व्यवस्थामा वामपन्थी विचारको प्रचार र प्रशिक्षणमा लाग्दा राज्य पक्षले गरेको निगरानीको पनि उल्लेख गर्छन्। आफूले शिक्षण गर्दाका अनुभव र सिन्धुली बहुमुखी क्याम्पसको प्रमुख भएर खेलेको भूमिका र आफूले पढाएका विद्यार्थीहरूको सन्तोषजनक प्रगतिबारे स्मरण गर्दै आफ्नै परिधिलाई पर्गेल्ने काम यस रचनामा भएको छ।

### बिर्सिनसक्नुको भोगाइ

यस लेखमा लेखक सिन्धुली बहुमुखी क्याम्पसको प्रमुख रहँदा आफ्नो राजनीतिक आस्थाका कारण आफूलाई विभिन्न आरोप लगाउने गरेको विषय उठाइएको छ। प्राध्यापन जस्तो गरिमामय कार्य गर्ने ठाउँमा राजनीतिक दल र व्यवस्थापन समितिका सदस्यहरूको अप्राज्ञिक र अप्रासङ्गिक व्यवहारले आजित भएका शर्मा विज्ञप्ति जारी गरी आफू निर्दोष हुनुको साबित वयान दिन पुग्छन्। सामुदायिक क्याम्पसमा समुदायको प्रत्यक्ष सरोकार हुन्छ। सबै सरोकारवालाको चित्त बुझाउन सकिँदैन भनी आफू निश्वर्थ भावले कार्य गरिरहनु पर्ने कुराको अभिव्यक्ति आफूले ४ वर्षे क्याम्पस प्रमुखको कार्यकालमा भोगेका र सामना गरेको अनुभवलाई शर्माले यस लेखमा समेटेका छन्।

### परिवर्तित अनुशासन

यसमा लेखक गुरुकुल परम्पराको शिक्षा र आजको शिक्षाको तुलना गर्छन्। परम्परागत शिक्षामा अनुशासनको पालना कठोरताकासाथ गरेको कुरालाई औँल्याउँदै वि.सं. २०२८ सालमा शिक्षामा आएको परिवर्तनले शिक्षामा मनोवैज्ञानिक पद्धतिलाई आत्मसात् गरी विद्यार्थीपरक शिक्षा दिनु पर्ने अवधारणाको विकास भएको कुरा उल्लेख गर्छन्। वर्तमान समयमा विद्यार्थी, अभिभावक र शिक्षक अराजक हुँदै गएको तथा पाश्चात्य शिक्षा प्रणालीले अनुशासनलाई कम महत्व दिँदा विद्यार्थीमा अराजकता हाबी भएको र यस्तो प्रवृत्तिलाई राजनैतिक दलहरूले पृष्ठपोषण गर्दा उनीहरूले आफ्नो कमजोरी पहिल्याउन नसकी भविष्य अन्यैाल हुने दिशातिर बढेको कुराप्रति लेखक सचेत गराउन पुग्छन्।

### ज्येष्ठ नागरिक र आज

यस रचनामा लेखक राजनैतिक परिवर्तनले नेपाली समाजको हरेक क्षेत्रमा प्रभाव पारेको विषय वर्णन गर्छन्। राज्यले ज्येष्ठ नागरिकलाई सम्मान गरे पनि सन्तान विनाको सम्मानमा गाउँघर कुर्न वाध्य वृद्धवृद्धाले नेपाल व्याप्त छ । नेपालीको जीवनशैलीमा आएको परिवर्तन र पाश्चात्य जीवनशैलीमा झुकाव राख्नाले वृद्धवृद्धाको मर्यादामा क्रमिक रूपमा कमी आएको छ। संयुक्त परिवार विखण्डनतिर गई एकल परिवारको चलन बढ्दो छ। बुढाबुढीलाई हेलाको दृष्टिले हेर्नाले बुढेसकालमा अपहेलनाको सिकार हुनु पर्ने वर्तमानको यथार्थ स्थिति यस रचनामा उठाइएको छ।

### नेतृत्व

यस रचनामा शर्मा लोकतन्त्रिक परिवर्तन पश्चात् राजनैतिक स्वच्छताको जुन चाहना जनताले राखेका थिए त्यो पूरा हुन नसकेको विषय उठाउ छन्। फरक–फरक राजनैतिक दलका आ–आफ्ना भातृ सङ्गठनमार्फत अस्वस्थ चुनावमुखी गतिविधितर्फ आम जनतालाई धकेल्दा लोकतान्त्रिक मूल्यमान्यतामाथि राजनैतिक नेतृत्वले खेलबाड गरेको कुरा शर्माले यस रचनामा अभिव्यक्त गरेका छन्।

### हाम्रो कुप्रथा

यस रचनामा शर्मा सामाजिक रूढिका रूपमा हामीले जानी नजानी हुर्काउँदै लगेको अन्धपरम्पराको विरोध गर्छन्। समाजमा छुवाछुत उन्मुलन गर्ने कार्यक्रमले छुवाछुत

नहट्ने कुरालाई उनले छाउपडी प्रथा सुदुरपश्चिममा अझै विद्यमान हुनुले पुष्टि गर्छ । समाजका यस्ता कुपरम्परा हटाउन सम्बन्धित क्षेत्रकै सरोकारवाला व्यक्तिले ईच्छाशक्ति देखाउनु पर्छ । शिक्षित र चेतनशील व्यक्तिले मनैदेखि यसलाई निर्मुल पार्छु भन्ने आँट लिनु पर्छ भन्दै पीडित पक्ष नै यस कुप्रथा विरूद्ध अग्रसर भएमा समाजबाट यस्तो अमानवीय व्यवहार हटाउन सकिने धारणा शर्मा यस रचनामा राख्न पुग्छन् ।

### मान्छेको प्रवृत्ति

यस रचनामा शर्मा मान्छेमा असन्तोष व्याप्त भएको कुरा व्यक्त गर्छन् । उनी मान्छे आफ्नो दुर्गति नहेर्ने तर अरूको दुर्गतिमा रमाउने विकृत मानसिकता मान्छेमा भएको कुरा प्रकट गर्छन् । उनी मृत्यु अवसम्भावी छ तर क्षणिक सुखको लागि नाता सम्बन्ध सबैलाई त्याग्न पनि मानिस पछि पर्दैन् । व्यक्तिगत स्वार्थमा लिप्त हुँदा मानिसले अरूको हित चिताउन सकेको छैन् । मानिस भौतिकताको पछाडि दौडदा–दौडदै आफू पनि एक्लै जानु पर्ने कुरा ख्याल नगर्नु मानिसको ठूलो भूल हो भन्ने विषय यस रचनामा उठाइएको छ ।

### हाम्रो आदर, परम्परा

यस रचनामा शर्माले नेपाली समाजमा परम्परादेखि हालसम्म चलेको मर्यादासूचक शब्दको उल्लेख गर्दै शब्दको गुढार्थ जाति, धर्म, सम्प्रदाय, ठूलो, सानो, आदिमा फरक–फरक हुने कुरा उल्लेख गर्छन् । उनले कतिपय मर्यादासूचक शब्द प्रयोगमा नभए पनि यी शब्दमा सामाजिक विभेदको छाप रहेको कुरा उजागर गर्छन् ।

### उत्तरआधुनिकतावाद र हामी

यस लेखमा शर्मा उत्तरआधुनिकता शब्दको प्रयोग प्रथम र द्वितीय विश्वयुद्धकालीन समयमा भएको उल्लेख गर्छन् । परम्परागत मूल्य–मान्यतामा आएको ह्रास, परम्परागत संस्कृतिको विघटन, बहुकेन्द्रक, समावेशीता, विधाभञ्जन, कीनारामा परेका जाति र संस्कृतिलाई मूलधारमा ल्याउने र नारी शसक्तीकरण, जातीय विभेदीकरणको विरोध जस्ता प्रवृत्तिगत विशेषता आएको कुरा व्यक्त गर्छन् । यसवादको प्रत्यक्ष असर नेपाली समाज, राजनीति र साहित्य क्षेत्रमा पनि परेको र बहुकेन्द्रको अवधारणाले प्रश्रय पाई पुराना चिन्तन भत्किदै नवीन मूल्यमान्यता स्थापित भएको कुरालाई यस लेखमा प्रस्तुत गर्न पुग्छन् ।

### पुरानो वैवाहिक चलन

यस लेखमा शर्माले नेपालीहरूको वैवाहिक संस्कारको उत्खनन् गरेका छन् । हाम्रो धर्म र संस्कारजन्य परम्परा वर्तमानमा के–कति परिवर्तन भए? त्यसको खोजमूलक विवरण यस रचनामा प्रस्तुत गरेका छन् । यस लेखमार्फत खस आर्य समाज अन्तर्गत विवाहको सुरूवातदेखि बेहुली भित्र्याउँदासम्म गरिने संस्कारजन्य रीतिरिवाजको नबिराईकन प्रस्तुत गरेर विवाह पद्धतिमा वर्तमानमा के–के हुन्छ? पहिलेका संस्कार के–कति छोडियो? भन्ने कुराको जानकारी यस लेखको अध्ययनबाट प्रष्ट हुन्छ । ओझेलमा पर्दै गएको पुरानो रीतिरिवाजलाई उत्खनन् गरी त्यसले समेट्ने समग्र परिवेशको सचित्र विवरण प्रस्तुत गरेर भविष्यका पुस्तालाई आफ्नो संस्कारप्रतिको दायित्वबोध गराउन यो रचना प्रभावकारी सावित हुन सक्छ ।

### आजको माहोल

यस लेखमा शर्मा जात, धर्म र भूगोलमा फरक–फरक संस्कृति र चालचलन रहेको धारणा राख्छन् । यी फरकपनामा मानिसको प्राकृतिक यौनक्रिया एकैनासको हुने कुरा व्यक्त गर्छन् । मानिस यौनप्रधान प्राणी हो, उसको कार्यकलाप यौनबाट निर्देशित हुन्छ भन्ने प्रसिद्ध मनोचिकित्सक सिग्मण्ड फ्रायडको मनको दुई पक्ष आकारात्मक र गत्यात्मक पक्षको उल्लेख गर्दै उनी मानिसभित्रको पाशविक प्रवृत्तिको विरोध गर्छन् । उनी मनको पाशविक प्रवृत्तिले गर्दा हामी चेतन मनबाट परिचालित हुन सकेनौ र समाजलाई अराजकतातिर धकेल्नु पाशविक प्रवृत्ति उदाहरण हो भन्ने विषय यस लेखमा उठाइएको छ ।

### बलात्कारीलाई मृत्युदण्ड?

यस लेखमा लेखक बलात्कार गर्नेलाई मृत्युदण्ड दिनु पर्छ भन्ने विचारसँग असहमति जनाउँछन् । उनी बलात्कारसँग सम्बन्धी अपराधमा संलग्न व्यक्तिको गहिरो गरी अनुसन्धान गर्नुपर्ने र मृत्युदण्ड बाहेक अरू सजाय हदैसम्म दिनुपर्ने धारणा उनको रहेको छ । अहिले सामाजिक अभियन्ताका रूपमा रहेका केही व्यक्तिले मृत्युदण्डलाई कानुन बनाइ लागु गर्ने दबाबमूलक कार्यले समाज अस्थिरतातिर जान्छ भन्छन् । लैङ्गिक रूपमा महिलालाई मात्र पक्षपोषण हुने नीति अङ्गालेको वर्तमान कानुनी व्यवस्थाले विभेद मात्र गर्ने र यसले भावी दिनमा हुने सामाजिक अपराध अन्त नहुने कुरा यस लेखमा उठाइएको छ ।

### थैलीको मुख दरो कस्नू

यस लेखमा शर्मा हामी पाश्चात्य प्रभावबाट प्रभावित भई आफ्नो परम्परागत र मौलिक पहिरन भुल्दै गएको

विषय बारे चर्चा गर्छन् । हाम्रो मौलिक भेषभूषा, पहिरन र संस्कृति पछाडि पर्दै गएकोमा हामीलाई चिन्ता नभएको कुरा राख्छन् । शर्मा धर्म, परम्परा र भेषभूषालाई समयानुकूल परिष्कार र परिमार्जन गरी आधुनिक र उपयोगी नबनाई अरूको भेषभूषामा रमाउने सोच र चिन्तनको अन्ध अनुकरण गर्नु हुँदैन भन्दै पहिला आफ्नो थैलीको मुख दरो गरी कस्नु भनी सुझाव दिन पुग्छन् ।

### विमला नानी

यस लेखमा समाजमा बिरलै हुने छोरीचेलीले माइती पक्षको पितृ उद्धारमा श्रीमद् भागवत सप्ताह लगाएको प्रसङ्ग उठाउँछन् । शर्मा आफूले चिनेको गाउँले चेली विमलाले निस्वार्थ भावनाले आफूलाई जन्मदिने माता पीताको आत्माको शान्तिको कामना गर्दै छोरी हुनुमा गर्वको अनुभूति दिलाएकामा प्रशंसा गर्छन् । पुरूषप्रधान समाजमा छोरीले ईच्छाशक्ति देखाएमा समाजको रूढि परम्परालाई विमला नानी जस्ता चेलीले तोड्न सक्नेमा शर्मा मुक्त कण्ठले प्रशंसा गर्छन् ।

### तामाङ चेली

यस लेखमा शर्मा आफू शिक्षण पेसामा हुँदाको घटनालाई स्मरण गर्दै आफूले पढाएका विद्यार्थीको गतिविधि र उनीहरूको परिवेशको चर्चा गर्न पुग्छन् । क्याम्पसमा पढाएका धेरै विद्यार्थीहरू मध्ये सबैको सम्झना नहुन सक्छ तर घटना र प्रसङ्गले केहीसँग परिचित हुने स्मृति भने रहन्छ । त्यस्तै स्मृति तामाङ चेली विद्यार्थीसँग रहेको र उनीहरूको जातीय संस्कारको बारेमा जानकारी पाएको कुरा शर्मा यस लेखमा उठाउन पुग्छन् ।

### भाषाशैली

शर्माको विकीर्ण चिन्तनका टुक्राटाक्रीमा सरल भाषाको प्रयोग भएको छ । नेपाली मौलिक शब्दको प्रयोगको मात्रा धेरै छ । तत्सम शब्द संस्कृतका उद्धरणमा प्रयोग भएको छ । केही अङ्ग्रेजी आगन्तुक शब्दको प्रयोग पनि भएको छ । सरल प्रवाहमय शैलीमा रचना गरिएको यस कृतिमा लेखकले विवरणात्मक, विश्लेषणात्मक र आत्मसंस्मरणात्मक गरी मिश्रित शैलीको प्रयोग गरेका छन् । मिश्रित भाषाशैलीको प्रयोगले कृतिमा नवीनता र प्रभावकारिता समेत थपेको छ ।

### निष्कर्ष

मोफसलमा रहेर नेपाली भाषा र साहित्यको अध्ययन र अध्यापनमा संलग्न रहेका शर्मा विकीर्ण चिन्तनका टुक्राटाक्री कृति प्रकाशित गराइ लेखकको रूपमा स्थापित हुन पुगेका छन् । उनको यस कृति उनकै जीवन भोगाइको अनुभवको सङ्गालो हो । यस अनुसन्धानात्मक लेखमा शर्माको समग्र पक्षको चिरफार गर्न नसकीयतापनि उनी र उनका रचना नेपाली समीक्षा क्षेत्रका विषय भने पक्कै बन्ने छन् । बृहत् रूपमा उनको र उनका लेख रचनाका बारेमा खोज अनुसन्धान हुन भने आवश्यक रहेको देखिन्छ ।

### सन्दर्भ सामग्रीहरू


ओझा, रामनाथ र अन्य (२०६४), शोध, सिर्जना र संस्कृत काव्यशास्त्र, काठमाडौँः न्यू हिराबुक्स इन्टरप्राइजेज ।

काफ्ले, जीवनकुमार (२०६४), मोहन कोइरालाका कृतिहरूको विवरणत्मक अध्ययन, त्रि. वि. कीर्तिपुरः अप्रकाशित स्नातकोत्तर शोधपत्र ।

गौतम, देवीप्रसाद (२०६४), नेपाली निबन्ध, काठमाडौँः नवीन प्रकाशन ।

पोखरेल, बालकृष्ण र अन्य (२०५८), नेपाली बृहत् शब्दकोश ,काठमाडौँः ने.रा.प्र.प्र. ।

शर्मा, फाल्गुणी (२०७८), विकीर्ण चिन्तनका टुक्राटाक्री, सिन्धुलीः अश्विनी शर्मा तिमल्सिना ।

शर्मा, फाल्गुणी (२०७८), गुरूत्व गौरव ,सिन्धुलीः गंगादेवी शर्मा तिमल्सिना ।

शर्मा, मोहनराज र अन्य (२०६३), पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त, काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।